नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय

फोनः- ०८८-५३००४०
०८८-५३००९०
Web:http://daorukumwest.moha.gov.np
E-Mail:- daorukum@gmail.com
daorukum@moha.gov.np

पत्र संख्याः-०७८/०७९/प्रशासन
च.नं. १२१८

मुसिकोट रुकुम (पश्चिम)
मितिः- २०७८/०८/०१

विषयः- कार्यान्वनयको लागि पठाइएको ।

श्री स्थानिय तहहरु सबै, रुकुम (पश्चिम)
श्री जिल्ला प्रहरी कार्यालय, रुकुम (पश्चिम)

प्रस्तुत विषयमा गृह मन्त्रालय, शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा, सिंहदरवार काठमाडौंको च.नं. १००७ मिति २०७८/०७/३० गतेको यस कार्यालयमा प्राप्त निर्देशन कार्यान्वनय सम्वन्धी पत्रको छाँयाप्रति पाना १ (एक) यसै पत्रसाथ संलग्न राखि पठाइएको छ। थप व्यहोरा संलग्न छाँयाप्रतिवाट अवगत गर्नुभई अवैधानिक रुपमा ट्याक्टरमा कार्डिन मेसिन जडान गरी विना स्वीकृति गाउँगाउँ, टोलटोल र चोकचोकमा पुगी वातावरण प्रदुषण फैलाई सिरक डसना बनाउने घुम्ती उद्योग संचालन गरेको पाइएमा त्यस्तो कार्यलाई संचालनमा रोक लगाउने व्यवस्था मिलाउनुहुन अनुरोध छ ।

०७८/०८/०१

बद्रीनाथ गैहे
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार

# गृह मन्त्रालय

(शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा)

फोन नं.:०१-४२११२०८
०१-४२११२१४
इमेलःcontrol@moha.gov.np
mohacontrolroom@gmail.com

सिंहदरबार,
काठमाडौं, नेपाल ।

शा.सु. ०७८/०७९/०५
पत्र संख्या:-
प्राप्त पत्र संख्या र मिति:-
च.नं.:- १००६

मिति: २०७८/०७/३०

विषयः आवश्यक निर्देशन सम्बन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय,
सबै ।

प्रस्तुत विषयमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय (औद्योगिक तथा लगानी प्रवर्द्धन महाशाखा) को च.नं. १५१, मिति २०७८/०७/२६ गतेको पत्रबाट अवैधानिक रुपमा ट्याक्टरमा कार्डिन मेसिन जडान गरी विना स्वीकृति गाउँगाउँ, टोलटोल र चोकचोकमा पुगी वातावरण प्रदुषण फैलाई सिरक डसना बनाउने घुम्ती उद्योगहरु सञ्चालन भै रहेकोले त्यस्ता घुम्ती उद्योग तत्काल रोक्न निर्देशन दिन नेपाल कपास उद्योग तथा सिरक डसना व्यवसायी महासंघबाट अनुरोध भई आएकोले सो सम्बन्धमा नेपालमा दर्ता नभई तथा घुम्ती उद्योग सञ्चालन स्वीकृति प्राप्त नगरी उद्योग सञ्चालन भए/गरेको पाइएमा आवश्यक कारवाही गरी उद्योग दर्ता स्वीकृति पश्चात मात्र सञ्चालन गर्न यस्ता किसिमका घुम्ती उद्योगीहरुलाई निर्देशन दिन भनी अनुरोध भई आएको हुँदा सो सम्बन्धमा आवश्यक निर्देशनको लागि आदेशानुसार अनुरोध छ ।

(तुलसी भट्टराई)
शाखा अधिकृत

बोधार्थ:
श्री उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
(औद्योगिक तथा लगानी प्रवर्द्धन महाशाखा) सिंहदरबार, काठमाडौं ।